


अध्यक्ष थमस एस् मनसनद्वारा

# कामका लागि बोलावट

जब अगमवक्ता जोसेफ स्मिथले एल्डर हेवर सी किम्वल (१८०१-६८) लाई बेलायतमा धर्मप्रचारकका रुपमा मुक्तिको ढोका खोल्नका लागि बोलावट दिनुभयो एल्डर किम्वलले अपर्याप्तताको अनुभव महसुस गर्नुभयो ।

हे परमप्रभु, उहाँले लेख्नुभयो, म भकभक गर्ने मान्छे हूँ र समग्रमा यस्तो कामका लागि अनुपयुक्त छु ।

एल्डर किम्वलले बोलावट स्वीकार गर्नुभयो तथापि यसो भन्नुभयोः यी विचारहरुले दायित्वका मार्गबाट मलाई रोकेनन्, जुन समय मैले स्वर्गमा रहनुहुने मेरा पिताको चाहनालाई बुझेँ, उहाँले मलाई आफ्नो सर्वशक्तिमान् शक्तिले समर्थन गर्नुहुनेछ र मलाई आवश्यक पर्ने हरेक गुणले भरिपूर्ण पार्नुहुनेछ भनेर मैले सबै प्रकारका संकटमा जाने समर्पण गरेँ ।[1]

मेरा जवान दाजुभाइ र दिदीबहिनीहरु जसलाई पूर्णकालिन धर्मप्रचारकका लागि बोलावट भएको छ, तपाईँलाई कामका लागि बोलावट भएको छ किनकि तपाईँ एल्डर किम्वलले भने जस्तै परमेश्वरलाई सेवा गर्न इच्छा राख्नुहुन्छ (सि. र क ४:३) छ र तपाईँ तयार र योग्य हुनुहुन्छ ।

जेष्ठ दम्पत्तीहरु, उही कारणका लागि तपाइँको बोलावट भएको हो । जेभए तापनि तपाईँहरुले सेवा गर्ने इच्छा मात्रै नभई त्यागका अनुभवहरुबाट प्राप्त, माया, अनुभूतिहरु पनि ल्याउनुहुन्छ जुन स्वर्गमा रहनुहुने हाम्रा पिताले सत्य खोजिरहेका उहाँका छोरा र छोरीहरुको हृदय छुनका लागि प्रयोग गर्न सक्नुहुन्छ । जबसम्म अरुहरुलाई सेवा गरेर हामीले उहाँको सेवा गर्दैनौँ हामीले वास्तवमा नै परमप्रभुलाई माया गर्न सक्दैनौँ भन्ने कुरा तपाइँहरुले सिक्नुभएको छ भन्ने कुरामा कुनै संका छैन ।

धर्मप्रचारकका रुपमा सेवा गर्ने तपाईंको चाहनामा तपाईँले आस्था र दृढता, साहस र आत्मविश्वास, संकल्प र लचिलोपना, समर्पण र संकल्प थप गर्नुहुनेछ । समर्पित धर्मप्रचारकहरुले धर्मप्रचारको मैदानमा चमत्कार ल्याउन सक्छन् ।

अध्यक्ष जन टेलर (१८०८–८७) धर्मप्रचारकहरुमा हुनुपर्ने आवयश्यक विशेषताहरुलाई यस तरिकाले संक्षेपीकरण गर्नुभयोः हामी यो सुसमाचारको सन्देश वहन गर्ने मानिसहरु त्यस्ता पुरुष (र महिला अनि दम्पत्ती) चाहन्छौँ जोसँग परमेश्वरमा आस्था छ, त्यस्ता मानिसहरु जोसँग तिनीहरुको धर्ममा विश्वास छ, त्यस्ता मानिसहरु जसले तिनीहरुको पादरित्वको सम्मान गर्छन्, त्यस्ता मानिसहरु जसमा ... परमेश्वरको दृढ विश्वास छ ... । हामी त्यस्ता मानिसहरु चाहन्छौँ जोसँग पवित्र आत्मा र परमेश्वरको शक्ति छ ... सम्मान, निष्ठा, सद्गुण र शुद्धताका मानिसहरु ।[2]

परमप्रभुले घोषणा गर्नुभयोः

हेर मैदान पहिले नै बाली थन्क्याउनलाई सेतै छ । जसले उसको शक्तिसँगै उसको हँसियामा विश्वास गर्छ त्यसैले गोदाममा थन्क्याउन सफल हुन्छ ताकि त्यो नाश हुने छैन तर उसको आत्माका लागि मुक्ति ल्याउने छ ।

अनि आस्था, आशा, करुणा र माया परमेश्वरको महिमाका लागि एक आँखा र एक साथ हुन् जसले उसलाई कामका लागि योग्य बनाउँछ (सि र क ४:४-५)

तपाइँको बोलावट प्रेरणाबाट आएको हो । म प्रमाणित गर्छु कि जसलाई परमेश्वरले बोलावट दिनुहुन्छ, परमेश्वरले त्यसलाई योग्ग बनाउनुहुन्छ । तपाईँले परमप्रभुको वगैँचामा प्रार्थनापूर्वक सेवा गर्दा तपाईँले स्वर्गीय सहयोग प्राप्त गर्नुहुनेछ ।

यो समयावधिको पूर्वार्धमा परमप्रभुले धर्मप्रचारकहरूलाई दिनुभएका प्रतिज्ञाहरु, सद्धान्त र करारमा रहे अनुसार तपाइँका हुनेछन्: “म तिम्रो अगाडि जानेछु । म तिम्रो दाहिने हात तिर र तिम्रो देब्रे हात तिर हुनेछु र मेरो आत्मा तिम्रो हृदयमा हुनेछ र मेरा दूतहरु तिम्रा लागि तिमी वरिपरि हुनेछन् (सि र क ८४:८८) ।

जसै तपाइँले सेवा गर्नुहुन्छ तपाइँले अनन्त स्मरणहरू र मित्रताहरू बनाउनुहुनेछ । धर्मप्रचारको मैदानले जस्तै प्रचूर मात्रामा उत्पादन दिने अन्य कुनै मैदान मलाई थाहा छैन ।

अब, जुनसुकै कारणले तोकिएको समय धर्मप्रचारको मैदानमा विताउन नसक्ने एल्डरहरु, सिस्टरहरु र जेष्ठ धर्मप्रचारकहरुलाई एउटा कुराः परमप्रभुले तपाईँहरूलाई माया गर्नुहुन्छ । उहाँले तपाइँको वलिदानलाई प्रसंशा गर्नुहुन्छ । उहाँ तपाइँको निराशा बारे जानकार हुनुहुन्छ । उहाँसँग अझै तपाइँका लागि काम छ भन्ने जान्नुहोस् । सैतानलले तपाइँलाई त्यो भन्दा फरक कुरा भन्न अनुमति नदिनुहोस् । तल नझर्नुहोस्, निरुत्साही नहुनुहोस्, निराश नबन्नुहोस् ।

मलाई चर्चको अगुवाइ गर्न बोलावट भएको लगत्तै पछिको साधारण सम्मेलनमा मैले अवलोकन गरेँ । “नडराऊ । हसिलो बन । तिम्रो आस्था जति उज्ज्यालो छ भविष्य त्यति नै उज्ज्यालो छ ।[3] त्यो प्रतिज्ञा तपाइँका लागि अझै उपयुक्त छ । त्यसैले तपाइँको आस्था नगुमाउनुहोस् किनकि परमप्रभुले तपाइँमा विश्वास गुमाउनुभएको छैन । तपाइँका करारहरुको पालना गर्नुहोस् र अगाडि बढ्नुहोस् ।

संसारलाई यशू खीष्टको सुसमाचार चाहिएको छ । धर्मप्रचारकको हृदय लिई हामीले जहाँ सेवा गरे तापनि परमप्रभूले उहाँका सन्तहरुलाई आशीषित गर्नुहोस् ।

## सूचीहरू


१. हेवर सी. किम्वल, ओर्सन एफ् ह्वीट्नी *Life of Heber C. Kimball* तेस्रो संशोधन (१९६७), १०४ ।

२. *Teachings of Presidents of the Church: John Taylor* (२००१), ७३

३. थोमस् एस् मनसन, "Be of Good Cheer," *Liahona*, मे २००९, ९२ ।


---

## यो सन्देशबाट सिकाउने

हामीले पूर्णकालिन धर्मप्रचार सेवा गरे वा नगरे तापिन हामी हरेकसँग सुसमाचार बाँढ्ने र हामी वरिपरि भएकाहरुलाई सेवा गर्ने अवसर छ । यही विषयको भर्खरैको साधारण सम्मेलनको वक्तव्य जस्तै पूनर्स्थापित् सुसमाचार बाँढ्ने भन्ने बाह्र प्रेरित गणका एल्डर ड्यालिन एच् ओक्स ( *Liahona*, नोभे २०१६, ५७) सँग यो सन्देशलाई तुलना गर्ने कुरालाई ध्यान दिनुहोस् । तपाईंले जसलाई परमेश्वरले बोलावट दिनुहुन्छ, परमेश्वले योग्य बनाउनुहुन्छ भन्ने जस्ता हरफहरु तपाईंले सिकाउनेहरुसँग छलफल गर्न सक्नुहुन्छ । तिनीहरुको धर्मप्रचारकको काम र बोलावटमा परमेश्वरले समर्थन गर्नुहुन्छ भन्ने कुरामा तिनीहरुले कस्तो महसुस गरे ? तिनीहरुका परिवार, साथीहरु र छिमेकीहरुसँग सुसमाचार कसरी बाँढ्ने भन्ने बारेमा शक्ति र प्रेरणा प्राप्त गर्नका लागि प्रार्थना गर्न तपाईंले सिकाउनेहरुलाई तपाइँ आमन्त्रण गर्न सक्नुहुन्छ ।

## युवा

## ट्याग बिनाको धर्मप्रचारक

क्रिष्टी अरेभ

मेरो विद्यालयमा एक जना शिक्षक हुनुहुन्छ जोसँग त्यस्तो व्यक्तित्व छ जसले कुनै विषयमा भिन्न विचार राख्ने जो कोहीलाई त्रसित पार्छ । एक दिन हामी पछिल्ला दिनका सन्तहरुको धर्मप्रचारका विषयमा कुरा गर्न पुग्यौं । मलाई लाग्यो कि मैले उहाँको प्रश्नको जवाफ दिन सक्थेँ तर मैले महसुस गरेँ कि मैले त्यसो गर्नु हुँदैन । त्यसैले केही समयका लागि उहाँलाई सन्तुष्टि प्रदान गर्ने गरी मैले पर्याप्त कुरा भनेँ ।

अरु केही हप्ता मैले हाम्रो वार्तालापका बारेमा विचार गरिरहेँ । अन्त्यमा, मैले उहाँलाई धर्मप्रचारको कामका बारेमा केही अनुच्छेदहरु उल्लेख गरेर उहाँलाई मरमनको पुस्तक दिनुपर्छ भन्ने विचार मेरो दिमागमा आयो । त्यो विचारले मलाई त्रसित बनाए तापनि यो मनमा आइरह्यो । मलाई यो प्रोत्साहन हो र यसलाई अनुशरण गर्नुपर्छ भन्ने लाग्यो ।

दुई महिना पछाडि, मसँग मरमनको पुस्तक तयार थियो । दिनभरी मैले महसुस गरेँ कि मेरो पछाडिको झोलामा भएको पुस्तकले प्वाल पारिरहेको छ । यो उहाँलाई दिन मलाई तीन सेकेण्ड मात्र लाग्यो जुन मलाई मेरो जीवनको जाडो बिदाको समयको सबैभन्दा डरलाग्दो समय थियो ।

पहिलो दिनको पछाडि, म उहाँको कक्षाकोठा हुँदै गएँ तर म भित्र जान डराएँ । त्यसपछि उहाँले मलाई बोलाउनुभएको सुनेँ र उहाँले मलाई एउटा कार्ड दिनुभयो । मैले पर्खालको बाटो हुँदै गर्दा त्यसलाई पढेँ । मैले पढ्न भनेका हरफहरु आफूले पढेको र मेरो आस्थाका पछाडिका केही कारणहरु उहाँले देख्न थाल्नुभएको कुरा उहाँले लेख्नुभएको रहेछ ।

© 2017 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदन: ६/१६ । अनुवाद अनुमोदन: ६/१६ । 97926-372 को अनुवाद ।

# करारहरुको पालनाका माध्यमबाट पादरित्वको शक्ति

के बाँड्ने भनेर जान्नका लागि प्रार्थनापूर्वक यो पाठ्य सामग्री पढ्नुहोस् । रिलिफ सोसाइटीको उद्देश्य बुझ्नाले परमेश्वरका छोरीहरुलाई अनन्त जीवनका आशीषहरुका लागि कसरी सहयोग गर्छ ?

आस्था, परिवार, राहत

सबैलाई मेरो सन्देश छ कि हाम्रो परिस्थिति जेभए तापनि पादरित्वको शक्तिको सामर्थ्यले हामी हरेक घण्टा आशीषित बनेर बाँच्न सक्छौं भनेर बाह्र प्रेरित गणका एल्डर निल एल् एन्डरसनले भन्नुभयो ।

"... जसै तपाईंले योग्य बनेर पादरित्वका विधिहरुमा सहभागी बन्नुहुन्छ, परमप्रभुले तपाईंलाई अझै बढी शक्ति, शान्ति र अनन्तको सम्भाव्यता दिनुहुनेछ । तपाईंको अवस्था जस्तोसुकै भएतापिन तपाईंको घर पादरित्वको शक्तिले आशीषित हुनेछ ।'" [1]

हामीले हाम्रो जीवनमा पादरित्वको शक्तिलाई कसरी आमन्त्रण गर्छौं ? बाह्र प्रेरित गणका एल्डर एम् रसल वलार्डले हामीलाई स्मरण गराउनुभयो कि तिनीहरु जसले पानीद्वारा बप्तिस्मा लिन्छन् र त्यसैगरी परमप्रभूको घरमा तिनीहरुको आशीष प्राप्त गर्छन् तिनीहरु नै महान् र उत्तम आशीषहरुका लागि योग्य हुन्छन् । आशीष वास्तवमा नै शक्तिको उपहार हो ... (र) स्वर्गमा रहनुहुने हाम्रा पिता उहाँको शक्तिमा उदार हुनुहुन्छ । उहाँले हामीलाई मन्दिरमा महिला र पुरुष दुबै उही शक्ति जसलाई पादरित्वको शक्ति भनेर परिभाषित गरिन्छ ले आशीषित हुन्छन् भनेर स्मरण गराउनुभयो ।[2]

रिलिफ सोसाइटी आधारण अध्यक्ष लिन्डा के बर्टनले भन्नुभयोः पादरित्वको शक्ति हामीले हाम्रो परिवार र घरमा हामी सबैले चाहेको कुरा भएकाले त्यो शक्तिलाई हाम्रो जीवनमा आमन्त्रण गर्नका लागि हामीले के गर्नुपर्छ ? पादरित्वको शक्तिका लागि व्यक्तिगत धार्मिकताको आवश्यकता महत्वपूर्ण हुन्छ ।[3]

यदि हामीले विनम्रतापूर्वक परमप्रभुका अगाडि प्रस्तुत गर्छौं भने अनि हामीलाई सिकाउन उहाँलाई अनुरोध गर्छौं भने उहाँको शक्तिका लागि हाम्रो पहूँच कसरी वृद्धि गर्ने भनेर उहाँले हामीलाई देखाउनुहुनेछ भनेर अध्यक्ष रसल एम् नेल्सन, बाह्र प्रेरित गणका अध्यक्षले भन्नुभयो ।

## थप धर्मशास्त्र र जानकारीहरू

१ नफी १४:१४, सिद्धान्त र करारहरू १२१:३६, १३२:२०, reliefsociety.lds.org

## सूचीहरू

१. निल एल् एन्डर्सन, "Power in the Priesthood," *Liahona*, नोभे. २०१३, ९२, ९५।

२. एम् रसल बलार्ड "Men and Women and Priesthood Power," *Liahona*,सेप्टे. २०१४, ३६।

३. लिण्डा के बर्टन "Priesthood Power—Available to All," *Liahona*, जुन २०१४, २१।

४. रसल एम् नेलसन, , "The Price of Priesthood Power," *Liahona*, मे २०१६, ६९।

### यसलाई महत्व दिनुहोस्

हाम्रा करारहरु पालना गर्नाले पादरित्वको शक्तिले हामीलाई कसरी आषीशित गर्छ ?

© 2017 by Intellectual Reserve, Inc. मा सर्वाधिकार सुरक्षित । यू.एस्.एमा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१६ । अनुवाद अनुमोदनः ६/१६ । 97926-372 को अनुवाद ।